यस्तो स्वार्थी संसारमा (Male)

(यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |) -२
नजान्ने मान्छेलाई, सिकाई दियौ तिम्ले रुन ||
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

मीठा मीठा सपना देखाई, यथार्थमा चोट मात्र दियौ |
सधैभरी चोखो माया दिदाँ, तिम्ले त्यसलाई खोट मात्र लायौ ||
तारा माग्छेयौ म संग, के गरेर झार्नु |
तिम्रो चाह यस्तै रै'छ, (मलाई परोस् हार्नु ||) -२
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

संगै जिउने मर्ने कसमले, मलाई मात्र किन तड्पाउछ |
छाडी जाने त्यै पापी माया, अझै पनि किन याद आउछ ||
बलेनीको पानी जस्तै, रुन्छु आजभोली |
मलाई रन सिकाएर, (ऊ के गर्दै होलि ||) -२

यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |
नजान्ने मान्छेलाई, सिकाई दियौ तिम्ले रुन ||
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

गीतः यस्तो स्वार्थी...
रचनाः फणिन्द्र भण्डारी
संगीतः फणिन्द्र भण्डारी

यस्तो स्वार्थी संसारमा (Female)

(यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |) -२
नजान्ने मान्छेलाई, सिकाई दियौ तिम्ले रुन ||
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

मीठा मीठा सपना देखाई, यथार्थमा चोट मात्र दियौ |
सधैभरी चोखो माया दिदाँ, तिम्ले त्यसलाई खोट मात्र लायौ ||
खुशी खोज्यौ कस्तो कुन्नी, सकिन दिन |
त्यही एउटा कारणले, (पर्यो एकलिन ||) -२
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

संगै जिउने मर्ने कसमले, मलाई मात्र किन तड्पाउछ |
छाडी जाने त्यै पापी माया, अझै पनि किन याद आउछ ||
गुन लायौ जिन्दगीमा, रुन सिकाएर |
मीठा मीठा तर झूठा, (कसम खुवाएर ||) -२

यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |
नजान्ने मान्छेलाई, सिकाई दियौ तिम्ले रुन ||
यस्तो स्वार्थी संसारमा, मलाई लायौ तिम्ले गुन |||

गीतः यस्तो स्वार्थी...
रचनाः फणिन्द्र भण्डारी
संगीतः फणिन्द्र भण्डारी